"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिबद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय

## प्रेस विज्ञप्ति

मिति: २०७८।१२।१८

निगमले पछिल्लो पटक मिति २०७८।१२।०२ मा मूल्य समायोजन गरेपश्चात् आज अप्रिल १, २०२२ (चैत १८, २०७८) मा प्राप्त गरेको नयाँ मूल्य अनुसार अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा सामान्य थपघट भई प्रति लिटर डिजेलमा रु.०।०२ ले बढेको, मट्टितेलमा रु.२२।१९ ले बढेको, हवाई इन्धनमा रू. ४।२३ ले बढेको तथा एल.पी.ग्यासमा प्रति सिलिण्डर रू. २७३।३८ ले थप बढेर आएको र पेट्रोलमा प्रति लिटर रु. १।४८ ले घटेर आएको हुँदा निगमलाई आगामी १५ दिनमा करीब रू. ५ अर्ब २१ करोड घाटा हुने स्थिति देखिएको छ।

यस नयाँ मूल्य सूची अनुसार काठमाडौंको विक्री बिन्दूसम्मको पेट्रोल, डिजेल, मट्टितेल, हवाई इन्धन तथा एल.पी.ग्यासको खरीद लागत मूल्य, विक्री मूल्य तथा नाफा/घाटा निम्न बमोजिम रहेको छः-

| सि.नं. | पदार्थ | खरीद लागत (रू. प्रति लिटर) | हालको विक्री मूल्य (रू. प्रति लिटर) | नाफा/घाटा (रू. प्रति लिटर) | १५ दिनको नाफा/घाटा (रू. करोडमा) |
|---|---|---|---|---|---|
| १ | पेट्रोल | १८२।०७ | १५५।०० | - २७।०७ | - ८९।१२ |
| २ | डिजेल | १७०।१७ | १३८।०० | - ३२।१७ | - २७९।५७ |
| ३ | मट्टितेल | १३६।०१ | १३८।०० | १।९९ | ०।१५ |
| ४ | हवाई इन्धन (आन्तरिकतर्फ) | १३८।१६ | १५१।०० | १२।८४ | ३।५७ |
| ५ | हवाई इन्धन (बाह्यतर्फ) | ११९।१२ | $ १।४९५ | ६१।७३ | २४।६९ |
| ६ | एल. पि. ग्यास (प्रति सिलिण्डर) | २,५२८।६६ | १,५७५।०० | - ९५३।६६ | - १८१।१३ |
| | १५ दिनको (पाक्षिक) अनुमानित जम्मा घाटा (रू. करोडमा) | | | | -५२१.४१ |

चालू आर्थिक वर्ष २०७८/७९ को हालसम्म निगमले करीब रू. ३२ अर्व नोक्सानी व्यहोरी सकेको छ । पछिल्लो मूल्य प्राप्त भएपश्चात् निगमलाई प्रति महिना करीब रू. १० अर्व भन्दा बढी नोक्सानी हुने स्थिति रहेको छ ।

निगमको सञ्चिती रकम र अन्य दायित्व रकमहरू सबै पेट्रोलियम पदार्थको खरिदमा सकिए पछि निगमले नेपाल सरकार मातहतमा रहेको मूल्य स्थिरीकरण कोष तथा ईन्धन बिक्रीबाट प्राप्त रकम संकलन गरी ईण्डियन आयल कर्पोरेशनलाई पेट्रोलियम पदार्थ खरिद वापतको रकम भुक्तानी गरिरहेको छ । हाल निगमको विकास निर्माणका नयाँ कामहरु सबै स्थगित गर्ने सोचमा रहेको निगमले पेट्रोलियम पदार्थ खरिद वापत आवश्यक पर्ने रकम जुटाइ आपूर्ति व्यवस्था सहज बनाई राख्न आगामी दिनहरूमा निगमलाई अत्यन्त कठिन हुने देखिन्छ।

हाल भारतको सिमावर्ती बजार रक्सौल र नेपालको विरंगज क्षेत्रको खुद्रा विक्री मूल्यमा फरक (प्रति लिटर) निम्न बमोजिम रहेको व्यहोरा यसै विज्ञप्ति मार्फत् जानकारी गराईन्छ ।

| सीमा मूल्य अन्तर विवरण | पेट्रोल (प्रति लिटर) | डिजेल (प्रति लिटर) | हवाई इन्धन आन्तरिकतर्फ * (प्रति लिटर) | एल. पि. ग्यास (प्रति सिलिण्डर) |
|---|---|---|---|---|
| भारतको रक्सौलमा कायम रहेको खुद्रा बिक्रि मूल्य (ने.रु.) | १८२।४३ | १५८।२० | १८७।९४ | १,६०५।६५ |
| नेपालको विरगंजमा कायम रहेको खुद्रा बिक्रि मूल्य (ने.रु.) | १५३।५० | १३६।५० | १५१।०० | १,५५५।०० |
| जम्मा नेपालमा सस्तो (ने.रु.) | - २८।९३ | - २१।७० | -३६।९४ | -५०।६५ |

* हवाई इन्धनको मूल्य भारतको कलकत्तासंग तुलना गरिएको छ।

धन्यवाद ।

२०७८।१२।१८

(पुस्कर कार्की)
सह-प्रवक्ता